नेपाल सरकार
# खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-

मितिः २०८०।१०।२

## प्रेस विज्ञप्ति

मिति २०८०।१०।१ गते सोमबारका दिन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड” ज्यूबाट मेलम्ची खानेपानी पथान्तरण तथा पुनः वितरणको कार्यक्रम शुभारम्भ भएसँगै काठमाडौं उपत्यकाभित्र मेलम्ची खानेपानी वितरण शुरू भएको छ ।

उक्त कार्यक्रममा आफ्नो मन्तव्य राख्ने क्रममा प्रशोधित मेलम्चीको पानी काठमाण्डौं उपत्यकाभित्र सन्तुलित वितरण गर्नका लागि खानेपानी मन्त्रालय, मेलम्ची खानेपानी विकास समिति, आयोजना कार्यान्वयन निर्देशनालय तथा काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड लगायतका सबै सरोकारवाला निकायहरुलाई आवश्यक व्यवस्थापन मिलाउन सम्माननीय प्रधानमन्त्रीज्यूबाट निर्देशन भएको छ ।

सोही कार्यक्रममा माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवज्यूले मेलम्ची खानेपानी आयोजना अन्तर्गत हालको विद्यमान हेडवर्क्स नयाँ स्थानमा स्थानान्तरण गरी दिर्घकालीन रूपमा आयोजना सञ्चालन गर्ने विषयमा सरोकारवाला निकायहरूसँग छलफल भईरहेको जानकारी दिनुभएको थियो ।

विशेष अतिथिको रूपमा उपस्थित हुनुभएका पूर्व उप-प्रधानमन्त्री एवम् प्रतिनिधि सभा सदस्य माननीय प्रकाशमान सिंहज्यू तथा नेपाल सरकारका मूख्य सचिव श्री बैकुण्ठ अर्यालज्यूले उक्त कार्यक्रमलाई उद्घघाटनको रूपमा नलिई अवरूद्ध मेलम्ची खानेपानी पुनः वितरण गर्न लागिएकोले आम उपभोक्ताहरूलाई सूचना सम्प्रेषण गर्ने रूपमा लिन सबैमा आग्रह गर्नुभएको थियो । साथै मेलम्ची खानेपानी आयोजना दिगो रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न सम्बन्धित एवम् सरोकारवाला निकायहरू लाग्नुपर्नेमा समेत उहाँहरूको जोड थियो ।

खानेपानी मन्त्रालयका सचिव श्री सुरेश आचार्यज्यूको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रमा विभिन्न मन्त्रालयका माननीय मन्त्रीज्यूहरू, श्रीमान सचिवज्यूहरू, विशिष्ट व्यक्तित्वहरु एवम् संचारकर्मीज्यूहरुको पनि उल्लेखनीय उपस्थिति रहेको थियो ।

............................
(प्रवक्ता)